# नुवाकोट जिल्ला अदालतबाट सेवा सुचारु हुने सम्बन्धी सूचना

नोवल कोरोना भाइरस (कोभिड–१९) नयाँ भेरियन्ट समेतको संक्रमण यस जिल्लामा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार तथा संबद्ध निकायहरुबाट जारी भएका आदेशहरुको निरन्तरता र विद्यमान अवस्थाको मूल्यांकनसमेतका आधारमा यस अदालतबाट सम्पादन हुने कामकारबाही तथा सेवा प्रवाहका सम्बन्धमा २०७८ साल श्रावण १० गते सरोकारवाला निकाय समेतको सहभागिता, छलफल र परामर्शबाट यस अदालतमा बसेको भर्चुयल बैठकको निर्णय समेतका आधारमा मिति २०७८/४/११ गते देखि यस अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु सञ्चालन हुने छन।

यस अदालतबाट मिति २०७८/१/२१ देखि २०७८/४/१४ सम्म संकुचितरुपमा सेवा सञ्चालन गरिएको अवधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा सर्वोच्च अदालतको वृहतपूर्ण इजलासको मिति २०७७/२/१५ को आदेशबमोजिमको सुविधा मिति २०७८/४/१५ देखि लागू हुने गरी उपलब्ध हुने व्यहोरा सरोकारवाला निकाय, कानून व्यवसायी एवं सेवाग्राहीहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ। संक्रमणको जोखिम अझ रहेकोले यस अदालतमा सेवा लिन आउदा सेवाग्राही तथा सरोकारवाला सवैले जोखिम न्युनिकरणका उपाएहरु अपनाइ दिन हुनसमेत अनुरोध छ।

मिति: २०७८/४/१०

इन्द्र कुमार खडका

श्रेस्तेदार